# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, पुस २४ गते, २०७७ साल (अतिरिक्ताङ्क १८

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ साल कार्यविधि नं. १८**

घ्याङलेख गाउँपालिका

**"घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी" कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**

**प्रस्तावना :** नेपालको संविधानको मर्म र भावना अनुरुप घ्याङलेख गाउँपालिका क्षेत्रका महिला, बालबालिका, युवा, पछाडी पारिएका, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैंगिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सीप विकासका लागि सिपमूलक एवं चेतनामुलक कार्यक्रमहरु संचालन गर्दै **"घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी"** भन्ने मुल नाराका साथ गाउँपालिका क्षेत्रमा १२ कक्षा उतिर्ण गरी स्नातक अध्ययन गर्ने छोरी बुहारीहरुलाई प्रोत्साहन गर्दै अभिभावकलाई सम्मान गर्ने कार्यक्रमको थालनी गर्ने निर्णय कार्यपालिका तथा सभाबाट भए बमोजिम सो बिषेश कार्यक्रम तर्जुमा गरी संचालन गर्न बान्छनीय भएकाले स्थानिय सरकारका हैसियतले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) एवं गाउँ सभाले दिएको अधिकार भित्र रही **"घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** घ्याङलेख गाउँपालिकाको कार्यपालिकाको मिति २०७७।०९।२४ गते बसेको बैठकबाट स्वीकृति भई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१) यस कार्यविधिको नाम **"घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी" कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** रहेको छ ।

२) यो कार्यबिधि घ्याङलेख गाउँपालिकाको क्षेत्र भरी लागु हुनेछ ।

३) यो कार्यविधि यहि २०७७ साल पौष महिनाको २४ गते देखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

क) **"अध्यक्ष"** भन्नाले घ्याङलेख गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख) **"उपाध्यक्ष"** भन्नाले घ्याङलेख गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

ग) **"कार्यपालिका"** भन्नाले घ्याङलेख गाउँ कार्यपालिका सम्झनुपर्छ ।

घ) **"प्रमुख प्रशासकयि अधिकृत"** भन्नाले घ्याङलेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ) **"वडा कार्यालय"** भन्नाले घ्याङलेख गाउँपालिका अन्तर्गत रहेको वडा समितिको वडा कार्यालयलाई सम्झनु पर्नेछ।

च) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकालाई सम्झनुपर्छ।

छ) **"लाभग्राही भन्नाले"** घ्याङलेख गाउँपालिका क्षेत्रबाट १२ कक्षा उतिर्ण गरी स्नातक तहमा अध्ययनरत छोरी बुहारीहरु तथा तिनका अभिभावकहरुलाई सम्झनु पर्दछ।

ज) **"आर्थिक ऐन"** भन्नाले घ्याङलेख गाउँपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ।

झ) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

ञ) **"नियमावली"** भन्नाले घ्याङलेख गाउँपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन नियमावली लगायत गाउँ कार्यपालिकाबाट जारी नियमावलीहरु सम्झनु पर्छ।

ट) **"प्रचलित कानून"** भन्नाले नेपाल सरकारको सार्बजनिक खरिद ऐन तथा नियमावली, नेपाल सरकारले समय समयमा जारी गरेका सम्बन्धित ऐन, गाउँ सभाले जारी गरेका ऐन, नियम, निर्देशिका तथा कार्यविधि समेत सम्झनु पर्छ।

ठ) **"गाउँसभा"** भन्नाले नेपालको संविधानको धारा २१८ बमोजिमको सभा सम्झनु पर्छ।

ड) **"कार्यविधि"** भन्नाले गाउँसभा तथा गाउँ कार्यपालिकाले तर्जुमा गरी जारी भएका विभिन्न कार्यविधि सम्झनु पर्छ।

ढ) **"कार्यकम"** भन्नाले घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी कार्यक्रम बुझ्नु पर्नेछ।

घ्याङलेख गाउँपालिका

ण) **"साझेदार"** भन्नाले घ्याङलेख गाउँपालिकासाग भएको सम्झौता बमोजिम नगद जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय वा बहुपक्षीय दातृ निकाय/संस्था सम्झनु पर्छ ।

त) **"विनियोजन ऐन"** भन्नाले घ्याङलेख गाउँपालिकाको विनियोजन ऐन सम्झनु पर्दछ ।

थ) **"विषयगत शाखा"** भन्नाले घ्याङलेख गाउँपालिका मातहतमा आएका विषयगत शाखाहरु सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

क) घ्याङलेख गाउँपालिका क्षेत्र भित्रबाट कक्षा १२ उतिर्ण गरी स्नातक तह अध्ययन गर्ने/गरी रहेका छोरीहरुलाई शैक्षिक सहायता प्रदान गर्ने ।

ख) छोरी तथा बुहारीहरुलाई पढाउन अविभावकलाई उत्प्ररित गर्ने ।

ग) अभिभावकहरुलाई सम्मान तथा अभिनन्दन गर्ने ।

घ) घ्याङलेख गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुदृढ पार्ने ।

ङ) बालविवाह, अनमेल विवाह तथा दाईजो प्रथा निरुत्साहित हुने ।

च) छोरी बुहारी प्रति हेर्ने दृष्टिकोणमा सुधार हुने ।

**४. कार्यविधीको कार्यक्षेत्र :** यस कार्यविधीको कार्यक्षेत्र हाल कायम रहेको घ्याङलेख गाउँपालिकाको सम्पूर्ण क्षेत्रभर रहनेछ ।

**५. कार्यक्रमभित्र समेटिने उप कार्यक्रमहरु :-**

१) छात्राबृत्ति प्रदान

२) सम्मान तथा उत्प्रेरणा अभिबृद्धि

३) अविभावक सम्मान

४) स्थानीय आवश्यकता अनुसार गाउँपालिकाले निर्णय गरेको कुनै खास कार्यक्रम

**५.१. छात्रबृत्ति प्रदान :-**

१) घ्याङलेख गाउँपालिका भित्र स्थायी बसोबास भई कक्षा १२ उतिर्ण गरी स्नातक तहमा अध्ययनरत छोरी बुहारीहरुलाई सहयोग (छात्रा वृत्ति) स्वरुप एकमुष्ट रुपमा रु. ५,०००।- (पाँच हजार) उपलब्ध गराइने छ ।

२) उपदफा (१) बमोजिमको सुविधा लिन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ :

क) स्नातक तह अध्ययनरत भएको प्रमाणपत्र

ख) अध्ययनरत संस्थाको सिफारिस

ग) वैवाहिक स्थिति खुल्ने निवेदन

घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ङ) बसाई सराई आई स्थायी बसोबास भए सो को प्रमाणपत्र

च) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

छ) तोकिएको अनुसूचि (१) अनुसारको आबेदन फाराम

**५.२. सम्मान तथा उत्प्रेरणा अभिबृद्धि :-**

१) घ्याङलेख गाउँपालिका भित्र स्थायी बसोबास भएका छोरी तथा बुहारीहरुलाई सम्मान तथा छोरी बुहारीलाई पढाई देशले लिएको शिक्षा नीति तथा गाउँपालिकाको शैक्षिक अवस्था उच्च बनाउन सम्मान तथा उत्प्रेरणा अभिबृद्धि गरिने छ ।

२) उपदफा (१) बमोजिमको सम्मान तथा उत्प्ररणा कार्यक्रममा सामेल हुन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ :

क) स्नातक अध्ययनरत भएको प्रमाणपत्र

ख) नागरिकता प्रमणपत्रको प्रतिलिपि

ग) बसाई सराई आई स्थायी बसोबास भए सो को प्रमाणपत्र

छ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र

ज) तोकिएको अनुसूची अनुसारको आबेदन फाराम ।

**५.३. अविभावक सम्मान :-**

१) घ्याङलेख गाउँपालिका भित्र स्थायी बसोबास भई आफ्ना छोरी बुहारीहरुलाई स्नातक तह अध्यायन गराउने अविभावकहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिने छ । त्यसको लागि गाउँ क्षेत्रबाट आफ्ना छोरी बुहारीहरुलाई स्नातक तह अध्ययन गराउने अभिभावकको तथ्यांक तथा सिफारिस वडा कार्यालयहरु मार्फत लिइने छ । यस प्रकार विवरण प्राप्त भएपछि तथ्यांक एकिन गरी सम्मान तथा प्रमाणपत्र उपलब्ध गराइने छ ।

२) उपदफा (१) बमोजिमको कार्यक्रममा भाग लिन देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ ।

क) तोकिएका ढाँचा अनुसारको निवेदन

ख) छोरी बुहारीले कक्षा १२ उतिर्ण प्रमाणपत्रको प्रतिलिपि

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा नाता खुल्ने कागजात

घ) बसाई सराई आई स्थायी बसोबास भए सो को प्रमाणपत्र

ङ) सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र

**५.४. स्थानीय आवश्यकता अनुसार गाउँपालिकाले निर्णय गरेको कुनै खास कार्यक्रम :-**

१) कक्षा १२ उतिर्ण गरी स्नातक तह अध्ययनरत घ्याङलेख गाउँपालिका भित्र स्थायी बसोबास भएका छोरी तथा बुहारीलाई विशेष आवश्यकता परेको देखिएमा गाउँपालिकाले निर्णय गरी

कार्यक्रम संचालन गर्न सक्नेछ । त्यसको लागि तथ्यांक संकलन वडा कार्यालय मार्फत गरिने छ । त्यसको अभिलेख राखिने छ । श्रोतको अवस्था हेरी निर्णय गरिने छ ।

२) उपदफा (१) बमोजिमको कार्यक्रमको लागि देहाय बमोजिमको कागजात प्रमाण पेश गर्नुपर्ने छ :

क) तोकिएका ढाँचा अनुसारको निवेदन

ख) छोरी तथा बुहारीले स्नातक तह अध्ययन गरी रहेको प्रमाणपत्रको प्रतिलिपि

ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा नाता खुल्ने प्रमाण

घ) बसाई सराई पश्चातको स्थायी बसोबास भए सो को प्रमाणपत्र

ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**६. कार्यालयको अभिलेख व्यवस्थापन :-**

१) घ्याङलेख गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी कार्यक्रमको फोकल युनिट तोकिने छ ।

२) गाउँपालिका क्षेत्रभित्रबाट कक्षा १२ उतिर्ण गरी स्नातक तहमा अध्ययन गरी रहेका छोरी बुहारीहरुको अभिलेख लिई निजका अविभावकहरुको समेत अभिलेख वडागत रुपमा रजिष्टरमा राखिने छ ।

३) घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी कार्यक्रम सञ्चालन कार्यविधि अनुसारको खर्च प्रत्येक चौमासिक रुपमा सार्वजनिकिकरण गरी पारदर्शिता गरिनेछ ।

**७. कार्यक्रम संचालन तथा निर्णय प्रक्रिया र भुक्तानी प्रक्रिया :-**

१) घ्याङलेख गाउँपालिका कार्यालयको अगुवाईमा शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत घ्याङलेखको छाहारी-शिक्षित छोरी बुहारी कार्यक्रम संचालन हुने छ ।

२) आवश्कयताको पहिचान गरी गाउँपालिका भित्रमा एउटै वा वडागत रुपमा कार्यक्रम संचालन गर्न सकिने छ ।

३) कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने रकम विनियोजित बजेटबाट खर्च गरिने छ । तोकिएको बजेटको सीमा भित्र रही भुक्तानी तथा फरफारक गरिनेछ ।

घ्याङलेख गाउँपालिका

## अनुसूचि-१
## छात्रवृत्ति माग आवेदन फाराम

श्रीमान् अध्यक्ष ज्यू,

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली ।

प्रस्तुत विषयमा त्यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र स्थायी ठेगाना भई कक्षा १२ उतिर्ण भई स्नातक तह अध्ययन गर्ने छोरी बुहारीहरुलाई छात्रबृत्ति वितरण गर्ने कार्यक्रम रहेको बुझिएको हुँदा म निवेदीका समेत सो कार्यक्रमको लक्षित वर्गमा समेटिने भएको हुँदा निम्न विवरण तथा कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु । लक्षित वर्गमा छनौट गरी नियमानसार छात्रवृत्ति उपलब्ध गराई पाउन यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिगत विवरण :-

क. निवेदकको नाम थर :–

२. निवेदकको ठेगाना :–

३. बुवा आमाको नामथर :–

४. जन्म मिति :–

५. निवेदकको शैक्षिक योग्यता :–

६. निवेदकको पेशा :–

७..निवेदकको उमेर :–

८. अभिभावकको पेशा :–

९. हाल अध्ययन गरी रहेको भए  संस्थाको नाम :-

१०. वैवाहिक स्थिति :-

११. अन्य विवरण केही भए :–

................................

निवेदीकाको हस्ताक्षर

घ्याङलेख गाउँपालिका

**अनुसूची-२**
**विशेष कार्यक्रको लागि निवेदनको ढाँचा**

श्रीमान् अध्यक्ष ज्यू,

घ्याङलेख गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, हायुटार, सिन्धुली ।

प्रस्तुत बिषयमा त्यस गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्र स्थायी ठेगाना भई कक्षा १२ उतिर्ण गरी  स्नातक तहमा अध्ययनरत छोरी तथा बुहारीहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्ने भन्ने बुझिएको हुँदा म निवेदिका समेत सो कार्यक्रमको लक्षित वर्गमा समेटिने भएको हुँदा निम्न विवरण तथा कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु । लक्षित वर्गमा छनौट गरी नियमानसार छात्रबृत्ति उपलब्ध गराई पाऊँ ।

१. निवेदकको नाम थर :–

२. निवेदकको ठेगाना :–

३. बुवा आमाको नामथर :–

४. जन्म मिति :–

५. निवेदकको शैक्षिक योग्यता :–

६. निवेदकको पेशा :–

७..निवेदकको उमेर :–

८. अभिभावकको पेशा :–

९. हाल अध्ययन गरी रहेको भए  संस्थाको नाम

१०. अन्य विवरण केही भए :–

..............................

निवेदीकाको हस्ताक्षर

## अनुसूची-३
## स्नातक तह अध्ययनरत छोरी बुहारीको अभिलेख फारामको ढाँचा

| सि. नं. | छोरी बुहारीको नाम | बुवाको नाम | आमाको नाम | स्थायी ठेगाना | हाल अध्ययन गरेको संस्थाको नाम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

घ्याङलेख गाउँपालिका

## अनुसूची-४
## स्नातक तह अध्ययनरत छोरी बुहारीहरुको अभिलेख फारामको ढाँचा

| सि. नं. | छोरी बुहारी वा आमाको नाम | बुवाको नाम | आमाको नाम | पतिको नाम | स्थायी ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

घ्याङलेख गाउँपालिका

**प्रमाणीकरण मिति :- २०७८।०७।०९**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**